प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

संक्रामक रोगबाट बचौं र बचाऔं।

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्।
त्यसैले
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : १३४ ॥ २०८१ असार १० गते सोमबार (24th Jun 2024 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

भगवती प्रसाई मृत्यु प्रकरण

आत्महत्या दुरुत्साहनको आरोपमा एक पक्राउ

- **विनोद सापकोटा,**

झापा । गत जेठ ३० गते हराएर भोलिपल्ट शिवसताक्षी १० स्थित जंगलभित्र झुन्डिएको अवस्थामा फेला परेकी बिर्तामोड १ की ३६ वर्षीया भगवती प्रसाईलाई आत्महत्या दुरुत्साहन गरेको आरोपमा एक व्यक्ति पक्राउ परेका छन् । मृतक परिवारले आत्महत्या दुरुत्साहनको आरोपमा उजुरी दिएपछि प्रहरीले बिर्तामोड १ का होम न्यौपानेलाई बिहीवार पक्राउ गरेको हो । उनलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय झिलझिलेमा राखिएको छ । मृतक परिवारले प्रमाणसहित उजुरी दिएपछि त्यसको आधारमा बोलाइएको इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक अनिश बुढाथोकीले बताए । दोषीमाथि कार्वाहीको माग गर्दै मृतकका आफन्तहरु बिहीवार ठूलो संख्यामा इलाका प्रहरी कार्यालय झिलझिले गएका थिए । उनीहरुले बुधवार पनि इप्रका झिलझिले घेराउ गरेका थिए ।

मृतक परिवारले प्रमाणको रुपमा अडियो बुझाएको छ । सो अडियोलाई प्रमाणित गराउनका लागि झापा जिल्ला अदालत पठाएको प्रहरी निरीक्षक बुढाथोकीले जानकारी दिए । दोषीमाथि कार्वाहीको माग गर्दै आफूहरुले प्रहरीलाई उजुरी दिएको मृतकका जेठानी गंगा प्रसाईले बताईन् । यसअघि आफन्तहरुले हत्याको आशंका गरेका थिए । गत जेठ ३० गते भगवती घरबाट हराएकी थिइन् भने त्यसको भोलिपल्ट जेठ ३१ गते दिउँसो करिव ३ बजे शिवसताक्षी १० स्थित जंगलमा उनी झुन्डिएको अवस्थामा फेला परेकी थिइन् । सुनसरी प्रकाशपुर माइत घर भएकी भगवतीका श्रीमान् खड्ग प्रसाई वैदेशिक रोजगारीका लागि कतारमा रहेका थिए । उनीहरुका १७ र १२ वर्षका दुई छोराहरु रहेका छन् । आरोपित न्यौपाने र भगवती एकै ठाउँमा बस्दथे । न्यौपानेले ज्यान मार्ने धम्की दिएको अडियो प्रहरीलाई बुझाएको मृतकका आफन्तले जनाएका छन् ।

भद्रपुर नगरपालिकाको बजेट ९९ करोड

भद्रपुर(प्रस) । भद्रपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमका लागि ९९ करोड २ लाख १९ हजार रुपैयाँ बराबरको अनुमानित बजेट ल्याएको छ ।
आइतबार भद्रपुर नगरपालिकाको १४ औं नगर सभाले स्वीकृत गरेको नीति तथा कार्यक्रममा नगर उपप्रमुख राधा कार्कीले चालु आर्थिक वर्षकै हाराहारीको बजेट प्रस्तुत गरेकी छिन् । चालु आर्थिक २०८०/०८१ मा वर्षमा ९८ करोड ३१ लाख ४६ हजार बजेट रहेकोमा आगामी आर्थिक वर्ष ७ लाख ७३ हजार बढाएर अनुमानित बजेट ल्याइएको हो ।

आगामी अनुमानित बजेटमा आर्थिक विकासतर्फ ४ करोड ९० लाख ३३ हजार, सामाजिक विकासतर्फ ३७ करोड ७४ लाख ४६ हजार, वातावरण तथा विपद् व्यवस्थापनतर्फ २ करोड ५५ लाख, संस्थागत विकास/सेवा प्रवाह/सूचना प्रविधि विकास तथा कार्यालय सञ्चालनतर्फ १४ करोड ४७ लाख र पूर्वाधार विकासतर्फ ३९ करोड ३५ लाख ५४ हजार गरी ९९ करोड २ लाख १९ हजार रुपैयाँ बराबरको अनुमानित बजेट नगर उपप्रमुख कार्कीले प्रस्तुत गरेकी छिन् ।
अनुमानित बजेट खर्च व्यहोर्ने स्रोतमध्ये नगरपालिकाको आन्तरिक आय ७ करोड, राजस्व बाँडफाँटतर्फ संघबाट १३ करोड १९ लाख, प्रदेशबाट ८५ लाख, स्थानीयबाट ३ करोड ७५ लाख गरी राजस्व बाँडफाँडबाट जम्मा १७ करोड ७९ लाख , संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट १८ करोड ९४ लाख, शसर्त अनुदान चालुबाट २९ करोड ४९ लाख ५५ हजार , सशर्त अनुदान पुँजीगतबाट ४ करोड ७६ लाख ६० हजार, समपूरक अनुदानबाट २ करोड १० लाख, विशेष अनुदानबाट ३ करोड गरी वित्तीय हस्तान्तरणबाट प्राप्त जम्मा ५८ करोड ३० लाख १५ हजार रहेको उनले बताइन् ।
त्यस्तै नगर प्रमुख गणेश पोखरेलले शिक्षा, खेलकुद, कृषि, रोजगार प्रवर्द्धन, पर्यटन, पूर्वाधार विकासलाई लक्षित गरी आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

नयाँ बसपार्कको ग्यारेजमा आगलागी

बिर्तामोड(प्रस) । झापाको अर्जुनधारा ११ स्थित बिर्तामोडको नयाँ बसपार्कमा आगलागी भएको छ । आइतवार बिहान ७.३५ बजे बसपार्कमा रहेको पदम बडी निर्माण ग्यारेजमा विद्युत सर्ट भई आगलागी भएको हो ।

बिर्तामोड ३ मा डेरा गरी बस्ने कमल कालिकोटेले संचालन गरेको ग्यारेजको टहरा र ग्यारेजमा रहेका पाटपुर्जा जल्दा अन्दाजी ९ लाख बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।
आगो बिर्तामोड नगरपालिकाको दमकल , प्रहरी र स्थानीयको सहयोगमा बिहान ८.५ बजे नियन्त्रणमा आएको थियो ।

लामो समयपछि शनिश्चरे-बिर्तामोड सडकमा कालोपत्रे

बिर्तामोड(प्रस) ।लामो समयपछि झापाको शनिश्चरे-बिर्तामोड सडकमा कालोपत्रे सुरु भएको छ । सडक निर्माण नहुँदा लामो समयदेखि त्यस क्षेत्रबाट यात्रा गर्ने यात्रुले सास्ती पाउँदै आएका छन् ।

आइतबारदेखि सबैभन्दा जीर्ण रहेको खण्ड दासपुलदेखि कप्तानबारीसम्म कालोपत्रे सुरु भएको हो । ठेकेदार संस्थाले मंगलवारसम्ममा डेढ किलोमिटरको त्यस खण्ड पुरा गर्ने आश्वासन दिएको नगरप्रमुख बलदेवसिंह गोम्देनले जानकारी दिए । नगरपालिकाको क्षेत्राधिकारभित्र नपर्ने भएपनि स्थानीयको गुनासो सम्बोधन भएकोमा उनले आफूलाई ठुलो सन्तुष्टि मिलेको बताए ।
सडक निर्माण गर्नका लागि प्रविण मैनाचुली शान्ति जेभीले ठेक्का पाएको थियो । समयमा रकम निकासा नहुँदा निर्माण कार्य समयमै गर्न नसकिएको ठेकेदार संस्थाले जनाएको छ । तर, सभामुख देवराज घिमिरेको पहलमा आंशिक रकम निकासा भएपछि पहिलो चरणमा १.५ किलोमिटर कालोपत्रे गर्ने कार्य सम्पन्न गर्न लागिएको उनले बताए । गत जेठ ९ गते निर्माण सम्पन्न गरेर हस्तान्तरण हुनुपर्ने गरी २०७९ जेठमा ठेक्का लागेको सो सडकको निर्माण कम्पनीले मागेको रकम राज्यले समयमा भुक्तानी नगरेको बताइएको छ ।
१५ करोड ६० लाख रुपैंयाँमा ठेक्का लागेको सो सडक बिर्तामोडको टाटा सोरुमदेखि कप्तानबारी हुँदै लक्ष्मीपुरबाट कालिस्तानसम्म ६.२ किलोमिटरको हुने छ । बिर्तामोडदेखि दासपुलसम्म दुई लेन, दासपुलदेखि कप्तानबारीसम्म ७ मिटरको सडक निर्माण हुने सम्झौतामा उल्लेख छ ।

यसअघि सडकमा सवारीसाधन चलाउन नसक्ने गरी खाल्डा खुल्डी भएका कारण सवारीसाधनहरु दुर्घटनामा परेका थिए । स्थानीयले सडक निर्माण गर्न दवाब दिने उद्धेश्यले पटक-पटक सडक अवरुद्ध गर्दै आएका थिए । सडक अवरुद्ध भएपछि सवारीसाधनले लामो समयदेखि बैकल्पिक सडक प्रयोग गरिरहेका छन् ।

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price
~~Rs. 1500/-~~
Rs. 1050/-

Free Home Delivery

Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

ऋषिकेश
Ayurvedic Hair Oil
Promote Hair Regrowth
Stimulate Hair from Root
Control Hair Loss
Prevent Dandruff
Rishikesh Ayurvedic
HAIR OIL

YAMAHA RACING
The call of the BLUE
YAMAHA EXCHANGE & UPGRADE
CASH DISCOUNT RS. 6000/-
FREE SMART HELMET*
EASY AND BEST FINANCE
LOWEST DOWNPAYMENT 30%*
VALUE ADDITION UPTO RS. 30,000/-*
*Limited Model for Limited Period
YAMAHA TAX RELAX*
2 YEARS ROAD TAX COVERED
*Conditions Apply
ASHAD 9TH - 14TH
www.yamaha.com.np Yamaha Nepal
BIRTAMODE
SAYAPATRI TRADE LINK
023-531677, 9804906289, 9815016021

मदन भण्डारी फाउण्डेशनको अध्यक्षमा शिवाकोटी

समृद्ध समाजका लागि सबल विचार
मदन भण्डारी फाउण्डेशन झापा
तेस्रो जिल्ला सम्मेलन-२०८१

बिर्तामोड(प्रस) । मदन भण्डारी फाउण्डेशन झापाको तेस्रो जिल्ला सम्मेलनबाट पुनः हरिचरण शिवाकोटी अध्यक्षमा चयन भएका छन् ।

बिर्तामोडमा शनिवार भएको तेस्रो जिल्ला सम्मेलनबाट राष्ट्रियसभाका पूर्व सदस्य शिवाकोटी पुनः अध्यक्षमा चयन भएका हुन् । त्यस्तै उपाध्यक्षमा हिरा थापा, सचिवमा शिव ढुङ्गेल, उपसचिवमा लीला दाहाल र कोषाध्यक्षमा गणेश पोखरेल निर्वाचित भएका छन् ।

यसैगरी सदस्यहरुमा असारु राजवंशी, निरु परियार, देवकुमार राई, सुरेन राजवंशी, छत्र श्रेष्ठ, भक्त घिमिरे, मोहन शिवाकोटी, बलराम गजुरेल, मदनकुमार उप्रेती, प्रेमबहादुर गिरी र बद्री भट्टराई, हरिदास ढुङ्गाना, पशुपति खतिवडा, संगिता खतिवडा चौलागाईं, राजेन्द्र पन्धाक, अमिर कुमार श्रेष्ठ, हेमकला भण्डारी, माधव भण्डारी विद्रोही, लक्ष्मण पाठक, कौशिल्या अधिकारी, समर्पण खतिवडा, निशा लिम्बू, निर्मला पाठक, नेत्रप्रसाद दाहाल, नारायणप्रसाद गौतम,चयन भएका छन् ।

फाउण्डेशनको सल्लाहकार समिति समेत गठन गरेको छ । सल्लाहकार हरुमा रोमनाथ ओली, दीपक कार्की उमानाथ ओली, सोम पोर्तेल, रामचन्द्र उप्रेती, गीता अधिकारी, बेनु शिवाकोटी, लक्ष्मी राई,चिन्तन पाठक, राधाकृष्ण खनाल र डम्बर बस्नेत रहेका छन् । मदन भण्डारी फाउण्डेशन कोशी प्रदेशका अध्यक्ष गोपाल गुरागाईंको प्रमुख आतिथ्यमा सम्मेलन सम्पन्न भएको थियो ।

घरज्वाइँको बिन्जुरी

झापा(प्रस)। चलचित्र 'घरज्वाइँ' को नयाँ गीत बिन्जुरी सार्वजनिक गरिएको छ । गीतमा राम अविरल विष्टको शब्द, एसडी योगीको सङ्गीत र स्वर रहेको छ । प्रेमिल शैलीको गीतमा अभिनेता दयाहाङ राई र अभिनेतृ मिरुना मगरको प्रेमाभावलाई प्रस्तुत गरिएको छ । गीतमा मिरुनालाई 'बिन्जुरी' का रूपमा सम्बोधन गरिएको छ । बिन्जुरीको अर्थ फूल हो ।

अनिल बुढामगर निर्देशित चलचित्र असार २८ बाट प्रदर्शन हुँदै छ । जिएम मुभिज र एबिएम सिनेमा प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्रका निर्माता जनक घर्तीमगर हुन् । पूर्वी रुकुम आसपासमा छायाङ्कन गरिएको चलचित्रको कथा निर्देशक अनिल आर्फैले लेखेका हुन् । चलचित्रको पटकथा तथा संवाद विनोद खतिवडा र सुभास कोइरालाको रहेको छ । सुसन प्रजापतिले खिचेको चलचित्रमा दयाहाङ र मिरुनासँगै बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर बाङ्देल, भोलाराज सापकोटा, खड्कबहादुर पुन (खबपु) लगायतको अभिनय रहेको छ ।

भँगालोमा पसेर भारतीय मजदुरको मृत्यु

झापा(प्रस) । पाँचथर र ताप्लेजुङको सिमानामा बग्ने इन्द्रावती खोलाले बगाउँदा एक भारतीय मजदुरको मृत्यु भएको छ ।

पाँचथरको याङवरक गाउँपालिका ३ ओयाममा निर्माणाधीन इङवा हाइड्रो पावर कम्पनीमा कार्यरत भारत घर भएका करिब ४० वर्षीय बैकुण्ठ बिहारीको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय पाँचथरकाप्रहरीनायव उपरीक्षकहेमन्तबहादुर भण्डारीका अनुसार उनी इङवा हाइड्रो प्रालिमा मिक्चर चलाउँदै आएका थिए । याङवरक ३ ओयामको ढुंगेलीमा पिसाब फेर्न गएका उनी खुट्टा चिप्लेर इन्द्रावती खोलाको भँगालोमा फसेका थिए । त्यसपछि बेपत्ता भएका उनलाई ताप्लेजुङको सिदिङवा ३ स्थित इन्द्रावती खोलाको किनारमा मृत अवस्थामा फेला पारेर पोस्टमार्टमका लागि जिल्ला अस्पताल पाँचथरमा ल्याइएको प्रहरीले जनाएको छ ।

मिलेमतोमा रकम निकासा गरेको आरोप

दमक(प्रस) । झापाको कनकाई नगरपालिकाले बिभिन्न संस्थाहरुको मिलेमतोमा रकम निकासा गर्ने गरेको आरोप लागेको छ । नगरपालिकामा सक्रिय नगर बाल सञ्जालले नगरलाई यस्तो आरोप लगाएको हो ।

कन्काई नगर बाल सञ्जालले असार ७ गते शुक्रबार नगरमा रहेका राजनैतिक दल र सामाजिक संघ संस्थाका प्रतिनिधिहरुसंगको सर्वपक्षीय छलफलमा बालबालिकाको क्षेत्रमा काम गर्ने क्रममा नगरपालिकासँग भएको सम्झौता पारदर्शी नभएको बताएको हो । बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था बाल सञ्जाल हुँदाहुँदै नगरपालिकाले यही प्रकृतिको अन्य संस्थासँग सम्झौता गरेर रकम निकासा गरेको नगर बाल सञ्जालले आरोप लगाएको हो ।

नगरमा बालबालिकाको क्षेत्रमा क्रियाशील आधिकारिक बाल सञ्जाल हुँदाहुँदै कन्काई नगरपालिकाले रुपान्तरण नेपाल र संकल्प नामका संस्थामार्फत सम्झौता गरेर कार्यक्रम गर्न दिएको नगर बाल सञ्जाल अध्यक्ष अश्लेषा कँडेलले बताइन् । रुपान्तरण नेपाल जिल्ला बाल सञ्जालका अध्यक्ष अभिषेक मिश्र आफै अध्यक्ष भएको संस्था हो । जुन संस्थाले नगरपालिकामा १ लाख ४७ हजार रुपैँयाँको बजेट सम्झौता गरी अहिले वडा स्तरीय बाल भेला आयोजना गरिरहेको छ ।

बाल सञ्जालमा आफूहरु निर्वाचित भएर आएको ६ महिना भइसक्दा पनि हालसम्म पुरानो समितिले अघिल्लो कार्यकालमा गरेको आर्थिक प्रतिवेदन उपलब्ध नगराएको भन्दै कँडेलले अझै नगरपालिकाले अमुर्त सम्झौता गरेर उनीहरुले नेतृत्व गरेको कार्यसमितिलाई लाखौं रकम प्रदान गरिरहेको बताइन् । अपारदर्शी ढंगले रकम निकासा गर्ने नगरपालिका पनि अनियमितताको जिम्मेवार हुनुपर्ने उनको भनाई छ ।

झापा जिल्ला बाल सञ्जालको आयोजनामा गत जेठ ८ गते कनकाई नगरपालिकामा ' बासँग बालबालिका' कार्यक्रम भएको थियो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले त्यस कार्यक्रममा जिल्लाका झण्डै ६ सय बालबालिकासँग साक्षात्कार गरेका थिए । सो कार्यक्रममा नगरसँग भएको सम्झौता र गरेको खर्चमा पारदर्शिता नभएको आरोप नगर बाल सञ्जालले लगाएको छ ।

जिल्ला बाल सञ्जालका अध्यक्ष अभिषेक मिश्रले बाल सञ्जालले नगरपालिकाले अघि सारेको कार्यक्रममा नेतृत्व मात्र लिने बताए । उनले आम्दानी र खर्चको हिसाब सञ्जालले राख्नु नपर्ने भन्दै पछिल्लो कार्यसमितिले खोजविन गरेपछि नगरसँग वित्तीय विवरण माग गरेको बताए ।केपी ओली सहभागी बासँग बालबालिका कार्यक्रमको बिल भौचर पेश गरेपनि स्थानीय तहबाट रकम निकासा नभएको हुनाले अहिले नै त्यसको हिसाव किताब बुझाउन नसक्ने उनको भनाई छ । सो कार्यक्रममा कनकाई नगरपालिकासँग ४ लाख रुपैयाँ, शिवसताक्षी नगरपालिकासँग ४० हजार रुपैयाँ, बिर्तामोड नगरपालिकासँग २० हजार रुपैयाँ र अरु स्थानीय तहसँग पनि रकम माग गरिएको उनले बताए ।

भुलसुधार

कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.को २०८१ असार ९ गते आइतबारको अंकमा प्रकाशित कर्जा चुक्ता गर्ने बारेको जरुरी सूचनामा २१ नं को बुदामा रजनी राउतका बुवा बिष्णु बहादुर राउत र पति घनेन्द्र कुमार पाण्डे (जीपी) हुनु पर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

पर्यटकको...

पशुपन्छीको संरक्षणमा उपभोक्ता समिति लागिरहेको उनको भनाइ छ । उनका अनुसार विश्वमै दुर्लभ प्रजातिका कछुवा, विभिन्न जातका माछा, जीवजन्तु, वनस्पति यस क्षेत्रमा पाइन्छन् । सिमसारबाट आउने पानीले करिब एक हजार दुई सय बिघा खेतीयोग्य जमिनमा सिँचाइ हुँदै आएको समितिका सचिव सुजित बस्नेतले जानकारी दिए । "यहाँ आउने पर्यटका साथै सय क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले राजमार्ग क्षेत्रतर्फ तारले घेराबारा गरिएको छ भने यस क्षेत्रलाई थप आकर्षक बनाउन फूलबारी, विश्रामस्थल, वनभोजस्थल निर्माण गरिएको छ", उनले भने ।

बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राईका अनुसार वेतना सिमसारलाई पूर्वी नेपालको एउटा महत्वपूर्ण पर्यटकीय गन्तव्यको रूपमा विकास गरिने बताए । उनका अनुसार पछिल्लो समय विभिन्न गोष्ठी र सेमिनारका लागि देशका विभिन्न स्थानबाट समूहमा आगन्तुक आउने गरेका छन् । वेतनामा दैनिक तीन सयभन्दा बढी र बिदाको समयमा पाँच सयभन्दा बढीको संख्यामा आन्तरिक पर्यटक अवलोकन गर्न आउने गरेका समितिका अध्यक्ष भट्टराईले जानकारी दिए । उनका अनुसार सिमसार प्रवेशबापत ३० को टिकट निर्धारण गरिएको छ ।

सूचना ! सूचना !! सूचना!!!

इटहरी उपमहानगरपालिका वडा नं ०३ त्रिवेणी चोक नजिकै उषा मोक्तानको नाममा रहेको जग्गा ३ च, कित्ता नं ११४० मा निकट भविष्यमा घर बनाउन लागिएको छ । जग्गाको चौतर्फी साँध सँधियारहरुको पनि सहमति आवश्यक पर्छ भनी वडा कार्यालयले जानकारी दिएको हुँदा पूर्वपट्टि कि.नं ११९७ को अविरा बज्राचार्य, पश्चिमपट्टि कि.नं ११४८ का दिपेन्द्र घिमिरे र दक्षिणपट्टी कि.नं १२४२ को कुमारी भट्टराईले मोबाइल नं ९८६०९९५४८८ मा यथाशीघ्र सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर,
जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत
कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना
३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा
नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

मानवअधिकार संगठन झापाको नयाँ समिति

बिर्तामोड(प्रस) । राष्ट्रिय मानवअधिकार संगठन झापाको नयाँ समिति गठन भएको छ ।

संगठनको शनिवार बिर्तामोडमा सम्पन्न सातौं जिल्ला अधिवेशनले तोयानाथ काफ्लेको अध्यक्षतामा नयाँ समिति गठन गरेको हो । जसको उपाध्यक्षहरुमा सरस्वती भुर्तेल खनाल , भवानीप्रसाद लुइटेल र धर्मानन्द सिटौला , सचिव दिनेश आचार्य , उपसचिव पदम कुँवर र कोषाध्यक्षमा चन्द्रविनोद कोइराला चयन भएका छन् । त्यस्तै सदस्यहरुमा चन्द्रा पौडेल ,लक्ष्मीप्रसाद मैनाली , विष्णुप्रसाद चुँडाल र नरेन्द्र खवास रहेका छन् ।

संगठनका कार्यवाहक अध्यक्ष गोपिकृष्ण भट्टराईको अध्यक्षता तथा संगठनका केन्द्रीय उपाध्यक्ष रुपक खनालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा मानव अधिकार रक्षक परिषदका कोशी प्रदेश संयोजक विष्णु खरेल , पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी , नारी संचार गृहकी रेजना रोदनलगायतले शुभकामना मन्तव्य राखेका थिए । सरस्वती भुर्तेल खनालले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन तोयानाथ काफ्लेले गरेका थिए ।

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेशको

१५ दिने सूचना

सधियार पश्चिमः फणिन्द्र भण्डारी, उत्तरः सडकको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री सिता मगरले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन भवल अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जिमिन मिति
बिर्तामोड न.पा २	१७९०१ २०	४८४६	२५४. ००	२०७९/ १२ /२८	२०८०/ ०३/०४	२०८१/ ०३/०७

प्रेस विज्ञप्ति

श्रीमान् पत्रकार महानुभाव ज्यूहरुमा आदिवासी राजवंशी भाषिक सांस्कृतिक विकास प्रतिष्ठान भद्रपुर-६ को तर्फबाट हार्दिक नमस्कार गर्दछौं। यस प्रतिष्ठानले बन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर मोरङबाट "आदिवासी जनजाति पर्यटन पूर्वाधार निर्माण भद्रपुर" शिर्षकमा त्यस मन्त्रालय/ शाखाबाट विनियोजन भएको रकम रु. २५००००० (पच्चिस लाख रुपैयाँ) मात्रको हकमा हाम्रो प्रतिष्ठानको नाम आदिवासी राजवंशी भाषिक सांस्कृतिक विकास प्रतिष्ठान भद्रपुर-६ भएको र विनियोजित रकम विभिन्न शिर्षक कार्यक्रम अन्तर्गत परेको हुँदा उक्त रकम अनेक प्रयत्न र भद्रपुर नगर प्रमुख ज्यूको समेत निकै प्रयासबाट यस प्रतिष्ठानमा रकम रुपान्तरण गरी ल्याउँदा समय लाग्न गयो ।

उक्त रकमलाई मन्त्रालय/विभागबाट प्राविधिक इन्जिनियर/ओभरसियर टोली आई निरीक्षण गरी यस प्रतिष्ठानबाट जयप्रकाश राजवंशी भद्रपुर-६ को अध्यक्षतामा उपभोक्ता समिति गठन गरी सम्झौता समेत गरी यस प्रतिष्ठानको भवन निर्माण कार्य शुरु गर्न थाल्दा यस प्रतिष्ठानको अहित चाहने पराजित मनस्थितिका पूर्वाग्रही व्यक्तिले विवाद वा प्राविधिकहरुलाई 'म पत्रकार हुँ प्रतिष्ठानको नाममा जग्गाधनी प्रमाणपत्र नल्याई निर्माण कार्य गरेमा काम गर्न नदिने, अख्तियारमा कार्वाही गर्छु 'भनी धाक धम्की दिई काम शुरु गर्न नदिई कार्यादेश रोक्ने दुस्प्रयास गरेका थिए ।

यस प्रतिष्ठानलाई विभिन्न ७ जना जग्गादाताहरुले आ-आफ्नो नामको जग्गा विभिन्न ७ ठाउँबाट जग्गा दिएको र सो जग्गाहरु जग्गाधनीहरुलाई सम्पर्क गर्दा कोही काठमाण्डौमा बसेको, कसैको घरमा जाँदा काजकिरियामा बसेको र कोही विरामी भएको अवस्थामा निज जग्गादाताहरुको समय अनुकूल मिलाई नयाँ नापी निर्देशिका बमोजिम साँध सिमाना मिलान चाक्लाबन्दी गर्दै ज.वि.०-७-० जग्गा एक चाक्ला मिलाई रजिष्ट्रेशन पास गरी करिव एक करोड बराबरको अचल सम्पत्ति प्रतिष्ठानको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्दा निकै मेहनत र समय लाग्न गएकोले यस प्रतिष्ठानका नवनिर्वाचित अध्यक्ष निर्वाचित भएको ४ महिना मात्र भएको र निर्वाचनको २-३ दिन अगावै आफ्नै स्कुटिमा चन्द्रगढीमा दुर्घटनामा परी दाहिने खुट्टाको दुईवटा नली हड्डी भाँची ओम साई पाथिभरा अस्पताल भद्रपुर-८ मा भर्ना भएको अवस्थामा जनताको बहुमतबाट निर्वाचित भई उपचारकै क्रममा बडो दुःख कष्टका साथ यस प्रतिष्ठानको प्रतिनिधि साथीहरुको साथ सहयोग, जनताको साथ सहयोग र जग्गादाताहरुको साथ सहयोगबाट उल्लेखित जग्गा प्राप्त भएको जाहेर गर्न चाहन्छौं ।

प्रतिष्ठानको कार्यालय समेत नभएको खातापत्र राख्न समेत ठाउँ नभएको अवस्थामा अध्यक्षज्यूको भएको १ कोठा प्रतिष्ठानलाई प्रतिष्ठानको भवन निर्माण नहुन्जेलसम्मको लागि कार्य सञ्चालन गर्न दिएको हो ।

लगभग शून्य व्यालेन्सबाट शुरु गरेको प्रतिष्ठान आज जग्गादाताहरुबाट जग्गा प्राप्त गरी अचल सम्पत्ति करिव १०००००००/- एक करोड बराबरको ज.वि.०-७-० को जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्न यस प्रतिष्ठान सफल भएका छौं ।

प्रतिष्ठानको जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरी प्रतिष्ठानको काम सुचारु गर्न खोज्दा निर्माण व्यवसायीहरुका अनुसार, प्राविधिकहरुका अनुसार समय कम्ति भएको १ महिनाको समय भित्रमा कुनै पनि निर्माण व्यवसायीले यही मिति २०८१/०३/१५ गतेसम्ममा विनियोजित रकम रु.२५०००००/- पच्चिस लाख बराबरको काम चुँवारी घर, छत ढलाई समेत गरी सम्पन्न गर्न एक महिनाभित्र नसकिने भनी निर्माण व्यवसायीहरुले काम गर्न समय कम भएको भनी काम गर्न मञ्जुर नगरेको अबस्था देखियो ।

यी विभिन्न कारणहरुले गर्दा भवन निर्माण कार्य गर्न नसकेको र उल्लेखित विनियोजित रकम आव २०८१/०८२ को लागि त्यतिकै बराबरको थप रकमसहित रु.५००००००/- पचास लाख रुपैयाँ मात्रको माग निवेदन सम्बन्धित मन्त्रालयमा पेश गरेका छौं । सम्बन्धित राज्य मन्त्री ज्यूसँग र मन्त्रालयको सचिव ज्यूसँग समेत भेट गरी उल्लेखित रकम माग गरेका छौं।अध्यक्ष ज्यू समेत गई राज्यमन्त्री ज्यूलाई यथार्थ कुरा अवगत गरी निवेदन दिएका छौं।

त्यहाँ पनि प्रतिष्ठानको काममा बाधा अवरोध सृजना गर्ने निर्वाचनमा पराजित भएका व्यक्तिले फोनबाट धाक धम्की दिई कार्यादेश रोकाउन विभिन्न धाक धम्की दिने जनादेश प्राप्त निर्वाचित अध्यक्ष ज्यूलाई विनाकारण राजीनामा दिन धम्की दिने, कार्यालय घेराउ गर्ने, मानमर्दन गर्ने गरेको, प्रेस सम्मेलन गर्छु भन्ने, भद्रपुर न.पा.वडा नं.४ का वडाध्यक्ष हंसधर राजवंशी र भद्रपुर वडा नं.६ का वडा अध्यक्ष ज्यूहरुले कमिसन १० प्रतिशत निर्माण व्यवसायीबाट मागेको भनी कपोकल्पित आरोप लगाई मानमर्दन गरेको मोबाइलबाट धाक धम्की दवाव दिने गरेको हुँदा सत्य तथ्य यथार्थ कुरा तपाई पत्रकार महानुभाव ज्यूहरुलाई यस प्रतिष्ठानको सम्पूर्ण पदाधिकारी ज्यूहरु, जग्गादाताहरु, भद्रभलादमीहरु समेतको सर्वसम्मत राय माइन्युट पास गरेको रिपोर्टसहित यथार्थ कुरा जनतासमक्ष ल्याई दिनुहुन अनुरोध गर्दछौं। जनता भ्रममा नपर्न हुन विनम्र अनुरोध गर्दछौं।ती व्यक्तिले गुटबन्दी गरी चौतर्फी घेराबन्दी षडयन्त्र गरी प्रतिष्ठानको कार्य असफल बनाउने नियत हामीले बुझेका छौं ।विशेष गरी पुकार राजवंशीले विभाग/ प्राविधिकहरुलाई र प्रतिष्ठानका अन्य सदस्यहरु, वडाध्यक्षहरुलाई समेत फोनमार्फत धाक धम्की दिने गरेको व्यहोरा विनम्रका साथ अवगत गराउन चाहन्छु।

प्रतिष्ठान सबैको साझा सम्पत्ति हो। सबै जना मिली प्रतिष्ठानको काम कार्य सफलता गर्न गराउन र प्रतिष्ठानको काममा बाधा अवरोध गर्न नगराउन हुन सचेत गराउन चाहन्छु।

समनसिंह राजवंशी
अध्यक्ष
आदिवासी राजवंशी भाषिक सांस्कृतिक विकास प्रतिष्ठान
भद्रपुर-६ झापा

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

घुम्ती शिविर चलाऊ

सामाजिक सुरक्षा भत्ता पाइरहेका ज्येष्ठ नागरिकलाई सरकारले राष्ट्रिय परिचयपत्र बनाउन अनिवार्य गरेको छ । आगामी आर्थिक वर्षबाट वृद्धभत्ता पाउन परिचयपत्र अनिवार्य रहेको भन्दै एक महिनाभित्र बनाउनै पर्ने उर्दी जारी भयो। झट्ट हेर्दा सरकारको यो निर्णय उत्कृष्ट छ, किनभने राष्ट्रिय परिचयपत्र सबैले बनाएर सरकारको अभियानलाई सघाउनु पर्छ। तर भित्री पाटो निकै दर्दनाक छ। हामीकहाँ कुनै पनि निर्णय गर्नुअघि त्यसको कार्यान्वयन पक्ष कति जटिल छ भन्ने पूर्वअध्ययन हुँदैनन्। वृद्धभत्ताप्रति आशक्ति रहेका बूढाबूढीहरू जसरी पनि परिचयपत्र बनाउन पुग्छन् भन्ने चिन्तनबाट यो निर्णय भएको हुनुपर्छ।

राष्ट्रिय परिचयपत्र बनाउनका लागि कति कठिन छ भन्ने हेक्का सरकारले राख्न सकेन। जिल्ला र इलाका प्रशासनबाट मात्रै परिचयपत्रको फोटो खिचिन्छ। जसका लागि जुन जिल्लाबाट नागरिकता जारी भएको हो, त्यही जिल्ला पुग्नुपर्छ। आफ्नै जिल्ला पुगेर पनि समयमै पालो आउँदैन। पालो आइहाले पनि सर्भर जोडिएन भन्दै कर्मचारी कामै छाडेर कार्यालयबाट निस्किन्छन्। एउटा तन्नेरीलाई समेत अहिले परिचयपत्र बनाउन निकै कठिन छ। कम्प्युटर प्रविधिमा सबै पोख्त छैनन्।

त्यो अर्को चुनौती हो। ज्येष्ठ नागरिकलाई वृद्धभत्ताको संवेदनतामाथि लादेर सरकारले बाध्यकारी निर्णय लिनुअघि कम्तीमा पालिकाबाटै परिचयपत्र बनाउनु सुविस्ता हुनुपर्ने थियो। तर सरकारले त्यसो नगरी शताब्दी वर्षको छेउछाउ पुगेका बुवाआमालाई निकै कष्ट दिइरहेको छ।

सरकारले परिचयपत्र बनाउँदा पाइने सास्ती बुझेर निर्णय लिएको भए कैलालीको चुरे गाउँपालिकाका ८४ वर्षीय धनबहादुर महत सदरमुकामको प्रशासन कार्यालयको पेटीमा घोप्टिएर बिलौना गर्नुपर्ने थिएन। महतजस्ता देशभरका ज्येष्ठ नागरिकले अहिले प्रशासन कार्यालयको पेटीमा सुतेर पालो कुरिरहनु परेको छ। यो दृश्य निकै हृदयविदारक थियो। चर्को घाम, दिनभरको लाइनपछि पनि उनीहरूको पालो आउँदैछ। बरु कर्मचारीले तीन, चार दिनपछि आउनुस् भन्दै फर्काउँछन्।

सरकारको यो निर्णयले निकै सास्ती दिएको छ। ज्येष्ठ नागरिकलाई सास्ती हैन, सुविस्ता दिने काम सरकारको हो। घरघरमा सिंहदरबारको नारा लगाएर संघीयताको बाजा पिट्ने राजनीतिक दल नेतृत्वका सरकारबाट हुने यस्ता कार्यबाट नागरिक खुसी छैनन्। वृद्धवृद्धालाई परिचयपत्र अनिवार्य गर्नुअघि सरकारले स्थानीय तहमा वडा कार्यालयमा घुम्ती शिविर चलाउनु पर्थ्यो। अझै पनि समय छ, ज्येष्ठ नागरिकको सुविस्ताका लागि सकेसम्म वडा र त्यति पनि गर्न नसके पालिकाको मुकाम कार्यालयबाट परिचयपत्र बनाउने व्यवस्था हुनुपर्छ।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

मौलिक पहिचान रक्षाको चिन्ता

• प्रेमप्रसाद ढकाल

नेपाल गाउँ नै गाउँले भरिएको र विविध सम्प्रदाय मिलेर बसोबास गरेको देश हो । गाउँका कृषि उत्पादन र घरेलु तथा साना उद्योग हाम्रो जीविकोपार्जनका आधार हुन् । यिनै आधारमा टेकेर हामी जति छिटो गाउँको विकास गर्छौं त्यति नै छिटो हामी आर्थिक र सामाजिक रूपले सवल र आत्मनिर्भर बन्न सक्छौं । अहिले बोलीमा मात्र विकासले तीव्रता पाएको अवस्था छ । व्यवहार त त्यस्तो देखिँदैन । विश्वमै विकाससम्बन्धी धारणा फरक फरक ढङ्गले आइरहेका छन् । गाउँहरू एकदमै दुर्गममा छन् । एक घरदेखि अर्को घरसम्मको दुरी असाध्यै टाढा छ । ती ठाउँमा विकासका सबै पूर्वाधार पुऱ्याउन नसकिने हुँदा ती गाउँलाई एकै ठाउँमा स्थानान्तरण गर्नु पर्छ भन्ने मत एकथरीको छ । यसरी स्थानान्तरण गर्दा त्यहाँ भएको उसको सामाजिक र सांस्कृतिक पक्षमा अवरोध सिर्जना हुन्छ भन्ने मत पनि उठेको छ । गाउँ मासेर जति धेरै सहर बनायो त्यति नै धेरै विकास हुन्छ भन्ने तर्क पनि छ ।

हाइड्रोपावर निर्माण, जलाधार संरक्षण, विद्युत् ट्रान्समिटर लाइन विस्तार जस्ता विकासका योजनाले विभिन्न ठाउँबाट मानिसलाई स्थानान्तरण गर्ने काम हाम्रोतिर पनि हुन थालेका छन् तर यस्तो कामले विकास हुँदैन भन्ने बहस यहाँ मात्रै होइन विकसित देशमा पनि उत्तिकै चलिरहेको छ । गाउँ ठाउँ सरेर जाँदा त्यहाँको स्थानीय उत्पादन, ज्ञान, सिप र प्रविधि सबै मर्छ भने त्यस्तो विकास दिगो हुन्न भन्नेतिर ध्यान जानु पनि जरुरी छ ।

विकासका ठुलठुला नारा दिने पुँजीवाद नाफाघाटाको चक्रमा चल्ने हुँदा यसले मानवीय मूल्य र मान्यतालाई विस्थापित गर्छ । सामान्य मानिसलाई माथि उठाउने कुनै योजना र रणनीति योसँग हुँदैन । समाज कृषि युगबाट औद्योगिक युगतिर फड्किने उसको नारा सुन्दा राम्रो लाग्छ तर यसले भुइँमान्छेको जीवन र भुइँको उत्पादनलाई तहसनहस बनाउँछ । भुइँको उत्पादन र भुइँ मानिसमा भएको ज्ञान, सिप र क्षमता समाप्त पार्छ । औद्योगिक कारखानामा पहुँच नभएको मानिस बेरोजगार बन्छ र उसको सामाजिक अस्तित्व नै सकिन्छ । विश्वका ठुलठुला औधोगिक मुलुक पनि अहिले दीर्घकालीन दिगो विकासको आधार यो होइन रहेछ भन्नेतिर पुगिसकेका छन् । विकल्पबिनाको व्यवसाय भन्दा प्रशस्त विकल्प भएको व्यवसाय मानिसले खोज्छ । यस अर्थमा कृषि प्रशस्त विकल्प भएको र आत्मसन्तुष्टिको व्यवसाय हो ।

विकास भनेको बिजुली, बाटोघाटो, ठुला सडक सञ्जाल, अग्ला भवनले घेरिएको सहरीकरण र औद्योगीकरण मात्र होइन । आमनागरिकको शिक्षा, स्वास्थ्य, खानेपानी र रोजगारी जस्ता आधारभूत आवश्यकता पूरा हुनु पनि हो । सहरीकरण र औद्योगीकरणले सीमित ठाउँ र सीमित मानिसका लागि मात्र विकासको अनुभूति दियो । आमरूपमा भने वातावरण विनास गऱ्यो । मानवीय जोखिम बढायो । वातावरण विनाशका कारणले निरन्तर आइरहेको सङ्कट ग्रामीण परिवेशका मौलिक ज्ञान, सिप र प्रविधि मासेर विकासका नाममा गरिएको नवनिर्माणको प्रतिफल यसैको कारण रहेछ भन्ने बुझाइ अहिले व्यापक बन्दै गएको छ । परम्परागत रैथाने ज्ञान, सिप र प्रविधिको प्रयोग बढाएर उत्पादन वृद्धि गरियो भने यसले वातावरण पनि जोगाउँछ । ग्रामीण समुदायको जीविकोपार्जनलाई सहज पनि बनाउँछ । साथै स्थानीय अर्थतन्त्रको सबलीकरणलाई पनि टेवा पुऱ्याउँछ भन्ने कुरा बल्ल सिद्ध हुँदै गएको छ । जापान, कोरिया जस्ता मुलुकमा स्थानीय बाँसको चोयाबाट बुनेका वस्तुलाई जीवित सम्पदाका रूपमा लिने गरिन्छ । त्यस्तो ज्ञान र सिपलाई स्थानीय सरकारले संरक्षण गर्छ । त्यो काम र उत्पादनलाई बजारीकरण गर्न सहयोग पुऱ्याउँछ तर हामी त्यसको ठिक उल्टो गर्छौं । गाउँका शिल्पीले तयार पारेका चित्रा, भकारी र घुमलाई विस्थापित गर्छौं । त्यो श्रम र सिपलाई थप प्रोत्साहन गरेर उत्पादन बढाउनुभन्दा त्यसलाई त्यहीँ मार्छौं । त्यसको सट्टामा प्लास्टिकका पाल र त्रिपालको आपूर्तिमा लाखौँ खर्च गर्दछौँ । यस्ता कर्मले हामीलाई जीवन्तसम्म पनि सम्पन्न हुन दिँदैन । पुनर्विचार गरौँ । आफ्नै हातको उत्पादनले आत्मसन्तुष्टि दिन्छ र जिउने कलामा उत्प्रेरण भर्छ भने त्यस्ता कुरालाई मात्र प्रोत्साहन गरेर अगाडि बढाऔँ ।

विकासको अवधारणाले निम्त्याएको परिणाम अहिले विश्वकै लागि ठुलो चुनौती बनेको छ । स्पेनको एउटा गाउँमा सोलार बत्ती पुगेपछि आरुको बगैँचा मासिँदै गएको र त्यसको सुरक्षा र संवर्धनमा ठुलो चुनौती खडा भएको सूचना विभिन्न सञ्चार माध्यममा आइरहेका छन् । ग्लोबल वार्मिङकै कारण परम्परादेखि सांस्कृतिक सम्पदाको रूपमा मानिँदै आएको जापानको साकुरा फूल जोगाउन धौधौ परेको कुरा पनि सुनिँदै छ । गाउँ मासेर सहर बनाई औद्योगिक उत्पादनमा रमाएका अमेरिका, जापान, जर्मनी र कोरिया जस्ता मुलुकले गाउँलाई प्राथमिकतामा राखेनन् । गाउँका रैथाने उत्पादनलाई महत्व दिएनन् । आज त्यहाँका युवामा पश्चाताप छ ।

युरोपतिरका कतिपय सहरबाट युवा गाउँ फर्किएर कृषिकर्ममा रमाएका छन् । त्यहाँका पढेलेखेका युवामा आफ्नो पढाइ सकेपछि प्रकृतिको माझमा बसेर प्रकृतिसँगै एकाकार हुँदै जीवन जिउने सोच विकास भएको छ । उनीहरू गाउँ पसेका छन् । कृषि उत्पादनसँग सम्बन्धित सानासाना व्यवसाय सञ्चालन गरेर जीविकोपार्जनसँगै ग्रामीण अर्थतन्त्र उकास्न लागेका छन् । हाम्रा पनि केही युवामा कृषि उद्यमको यस्तै सोच पलाएको छ । पहिले गाउँबाट सहर आएका र केही लेखपढ गरी आफ्नो करियरको एउटा उचाइमा पुगेपछि पुनः गाउँ फर्किएर कृषिकर्ममा आबद्ध भएका केही सीमित उदाहरण छन् । अझै पनि हाम्रा अधिकांश युवाको मानसिकता भने अमेरिका, जापान, क्यानडा, कोरियालगायतका मुलुकतिरै जाने र त्यहीँ आफ्नो जीवन खोज्ने प्रवृत्ति बढ्दैरै गएको छ । अहिले पनि गाउँमा बस्नु हुँदैन भन्ने मनोविज्ञानले काम गरिरहेको हुँदा गाउँ छोड्नेको लर्को अझै लामै समय जानेवाला छ । यो हाम्रा लागि विडम्बना हो ।

गाउँको विकास गर्न र गाउँलेको जीवन स्तर उकास्न गाउँमै सेवासुविधा पुऱ्याउनु पर्छ । विकासका आधारभूत आवश्यकता गाउँमा पुऱ्याइसकेपछि गाउँलेलाई नै काममा खटाउनु पर्छ । उनीहरूकै सिप र क्षमताको प्रयोग गर्ने अवसर दिनु पर्छ । गाउँमा हामीसँग वर्षौंदेखि प्रयोगमा आइरहेका ज्ञान र सिप पुस्तान्तरणको अभावले नयाँ पुस्तामा हस्तान्तरण भइरहेका छैनन् । सामाजिक तथा भौगोलिक विशिष्टता हाम्रो विशेषता हो । भूगोल अनुसारका वस्तु उत्पादन र त्यहाँका सम्प्रदाय अनुसारको ज्ञान र सिपको छुट्टा छुट्टै महत्व छ । हातेतानबाट निर्मित तेह्रथुमे र पाल्पाली ढाकाटोपीका भूगोल अनुसार आआफ्नै विशेषता छन् । भादगाउँले कालो टोपीको महत्व उचाइमै छ । भोजपुरे खुकुरी विश्वमै प्रसिद्ध छ । चैनपुरे करुवा आफैँमा एउटा कलात्मक उत्पादन हो । यिनीहरूलाई ब्रान्ड बनाएर विश्वबजारमा लान सकिन्छ तर यी उत्पादन पुस्तान्तरणको अभावले अहिले नै लोप हुने अवस्थामा छन् । एकातिर यिनीहरूको संरक्षणको अभाव छ भने अर्कोतिर यो सिपको पुस्तान्तरण नहुँदा यिनीहरू हराएर जाने खतरा छ । युगौँदेखि पुस्तान्तरण हुँदै आएको हाम्रो मैथिली चित्रकलाले आज राष्ट्रिय चित्रकलाको चिनारी पाएको छ । मैथिली समाजमा अहिले पनि उत्तिकै महत्वपूर्ण छ किनकि यो कला मैथिली समुदायमा निरन्तर पुस्तन्तरण हुँदै बाँचेको छ । यी र यस्ता हजारौँ रैथाने ज्ञान र सिप पुस्तान्तरणबाट बचाउँदै ल्याउने कुरा हुन् । यसमा स्थानीय सरकार, नीतिनिर्माता र नागरिक समाजको विशेष ध्यान पुग्नु आवश्यक छ ।

हामीले आफ्नै गाउँठाउँका रैथाने उत्पादन र रैथाने वस्तुलाई महत्व दिएनौँ । यिनीहरूको अर्गानिक महत्वलाई बजारमा प्रतिस्पर्धा गराउन सकेनौँ । आफ्नै उत्पादनलाई हेयका दृष्टिले हेऱ्यौँ । रैथाने उत्पादन र रैथाने स्वादलाई बजारीकरण र संरक्षण गर्नु पर्छ भन्ने धारणा युरोपतिर बलियो छ । उनीहरू आफ्नो अधिकांश समय र पैसा त्यतातिर खर्च गर्छन् । बेल्जियमले फरक फरक स्वादमा पाँच सय प्रकारका वियर उत्पादन गर्छ भन्ने सुनिन्छ । बजारको माग अनुसार निश्चित स्वादको बियरको उत्पादन अधिक मात्रामा हुन्छ भने अरू सामान्य परिणाममा उत्पादन गरेर उनीहरूले आफ्नो स्थानीय अर्थतन्त्रलाई अगाडि बढाएका छन् भन्ने छ । यी सतहमा आएका विषयबाट हामीले हाम्रा स्थानीय उत्पादन वृद्धि गरी अर्थतन्त्र विकास गर्न सकिने केही शिक्षा लिनु पर्छ ।

हामीले हाम्रो स्थानीय समुदायले तयार पारेको स्थानीय रक्सीलाई अवैधानिक भन्यौँ । उत्पादन बन्द गऱ्यौँ । उत्पादित रक्सी नष्ट गऱ्यौँ । स्वादका दृष्टिले र अर्गानिक महत्वका दृष्टिले विशेष तरिकाले बनाइएको कोदोको त्यो रक्सी अन्तर्राष्ट्रिय बजारको प्रतिस्पर्धामा आउन सक्थ्यो । त्यो अरूभन्दा फरक स्वादको रक्सी हुन्थ्यो । हाम्रा स्थानीय उत्पादनमा नेवारी समुदायले उत्पादन गरेको रक्सी र राई लिम्बू समुदायले उत्पादन गरेको रक्सीको स्वाद फरक फरक हुन्छ । यी रक्सीको गुणस्तर मापन गरेर फरक स्वादका रक्सीको ब्राण्ड बनाई बजारमा ल्याउन सकिन्थ्यो तर त्यो गरेनौँ । जोगाउनेभन्दा मास्नतिर लाग्यौँ । नमासौँ, त्यसलाई जोगाऔँ । कोक, पेप्सीलगायत अन्य पेय पदार्थको विकल्पमा मोहीलाई चिसो पेय पदार्थका रूपमा ल्याउन थालिएको छ । त्यसलाई हतोत्साही नबनाऔँ । मोही र रक्सी हाम्रा अर्गानिक उत्पादन हुन् तिनलाई प्रोत्साहन गरेर नयाँ ब्राण्डको रूपमा अघि बढाऔँ । यो कर्मले पशुपालन र खेतीपातीलाई पनि तीव्रता दिने छ । गाउँमा पुनर्जागरण आउने छ । यी कर्म भनेका गाउँको विकासका जग हुन् । स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउन रक्सी, मोही, हाते कलाका प्रशस्त उत्पादन छन् । यीलागायत ओझेलमा परेका यस्ता अनेक स्थानीय उत्पादनको खोजी गरी तिनीहरूको सुरक्षा र संरक्षण गरौँ । गाउँका युवालाई विदेश धपाउन मात्र ध्यान केन्द्रित नगरी महानगर, नगर र गाउँपालिकाले युवालाई गाउँमै रोकी स्थानीय उत्पादनको वृद्धि, विकास र संरक्षण गर्ने नीति बनाउनु पर्छ । उत्पादनको गुणस्तर मापन र बजारीकरणको व्यवस्थापनमा ती निकायको सहयोगी भूमिका हुनु पर्छ । यति भयो भने चाँडै गाउँको विकासले कोल्टो फेर्ने छ ।

हाम्रो सामाजिक विविधताभित्रका प्रत्येक समुदायसँग उत्पादनमा मात्रै होइन ज्ञान, सिप र क्षमतामा पनि विविधता छ । यही विविधताका आधारमा हामीसँग हिमाल, पहाड, तराई र मधेशमा बसोबास गर्ने फरक जातजाति, धर्मसंस्कृति र परम्परामा आधारित भएर हरेक नागरिकले आ-आफ्नै शैली र विधिमा उत्पादन गरेका फरक फरक वस्तुले नै हामी हाम्रो बजार भर्न सक्छौँ । हाम्रा आवश्यकता पूरा गर्न सक्छौँ । पृथक उत्पादनमा सम्बन्धित नागरिकको त्यो क्षमतालाई स्थानीय उत्पादनसँग जोडेपछि उत्पादनमा पनि विविधता आउँछ । हामीले आफ्नो जीविकोपार्जन गर्न र ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन यिनै विविध उत्पादनलाई बिस्तारै अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गराउने हो । अरू कुनै ठुलो औद्योगिक उत्पादन खोजिरहनु पर्दैन । आफूसँग भएको ज्ञान, सिप र क्षमताका आफ्ना उत्पादनलाई धरासायी बनाएर ठुलठुला औद्योगिक उत्पादनको सपना नदेखौँ । यसले हामीलाई मात्रै होइन, पुस्तौँसम्म पनि सन्ततिलाई परनिर्भर बनाइरहन्छ ।

विद्यार्थीको मनोविज्ञान र शिक्षक

• सावित्रा पाण्डे

कक्षा ७ मा कक्षाकोठाभित्र बसेर वाक्य निर्माणका क्रियाकलाप गराइरहेकी थिएँ । विभिन्न किसिमका शब्द दिएर अर्थपूर्ण वाक्य निर्माणको क्रियाकलापमा विद्यार्थी दत्तचित्त भएर लागि परेका थिए । विद्यार्थी आफूले निर्माण गरेका वाक्य सुनाउने र देखाउने होडबाजी गर्दै थिए । पढाइमा त्यति सक्रिय नहुने प्रायः अन्तिम बेन्चको कुनामा बस्न मन पराउने एउटा बाबुलाई उठाएर आफ्नो कापी लिएर अगाडि आउन अनुरोध गरेँ । सेतोपाटीमा लेखिएका शब्दलाई उसले कसरी वाक्यमा प्रयोग गरेको होला ? मलाई जान्ने जिज्ञासा थियो । कापी मागेर उसले बनाएका वाक्य पढ्दै गएँ । एउटा वाक्यमा पुग्दा म टक्क रोकिएँ; उसका आँखामा हेरेँ । त्यस बालकका निर्दोष आँखाले मलाई नै हेरिरहेका थिए । उसका अबोध आँखामा मैले गहिरो पीडा, सङ्कोच र कौतूहलता एकै पटक पढेँ ।

वाक्यमा प्रयोग गर्नुपर्ने विभिन्न शब्दमध्ये एउटा थियो 'प्रशंसा' । 'मेरो गुरुले कहिल्यै मेरो प्रशंसा गर्नुहुन्न ।' उसले बनाएको वाक्य थियो यो । वाक्य पढेर एकछिन दिमाग शून्य भयो । हातमा भएको रातो कलमले उसले बनाएको वाक्यलाई चट्ट काटिदिएँ र त्यसको तल लेखिदिएँ, "मेरी गुरुआमाले सधैँ मेरो प्रशंसा गर्नुहुन्छ ।" वाक्य लेखिसकेर उसको अनुहारमा हेरेँ । मेरो अनुहारमा हेरेर ऊ यसरी मुस्कुरायो, जसरी भर्खरै हाँस्न सिकेको बच्चाले आमाको दुध चुस्दाचुस्दै दुधबाट मुख हटाएर आमाको मुखमा हेरेर मुस्कुराउँछ । मलाई उसको अबोध र निर्दोष हाँसो अति प्रिय लाग्यो । उसको टाउकोमा बिस्तारै छोएर भनेँ, "तिम्रा अक्षर कस्ता राम्रा !" त्यसपछिका हरेक कक्षा कार्यकलापमा ऊ सक्रिय भएर सहभागी हुन थालेको छ । जब उसको नाम लिएर कुनै प्रश्न सोध्छु, ऊ मुस्कुराएर जवाफ दिन तम्सन्छ ।

एक जना विद्यार्थी थिइन्, कक्षा ६ मा पढ्ने । कक्षा सुरु हुँदा सबै विद्यार्थी कक्षाकोठामा हुन्थे तर उनी प्रायः विद्यालय प्राङ्गणमा भएको कपुरको फेदमुनि बसिरहेकी हुन्थिन् । जिज्ञासा लागेर सोधेँ, कक्षाशिक्षकले कक्षामा पस्नासाथ बाहिर निकालिदिनुहुने रहेछ । कक्षाशिक्षकको गुनासो थियो, ऊ व्यक्तिगत स्वास्थ्यप्रति कत्ति पनि सचेत छैन, कहिले नङ नकाटेको त कहिले कपाल नकोरेको या ड्रेस नधोएको निहुँमा बाहिर निकाल्नुपर्ने रहेछ । केही समयपछि म त्यस कक्षामा नेपाली विषय पढाउन थालेँ । उनको समस्या बुझ्ने प्रयास गरेँ । कहिले एक्लै राखेर के के प्रश्न सोध्ने त कहिले साथीहरूका अगाडि उनको प्रशंसा गर्न थालेँ । शिक्षकले गाली मात्रै गर्नु, साथीहरूले आफ्नो प्रशंसा नगर्नु, आफ्नो समूहमा नमिसाउनु नै उनको समस्या भएको पत्ता लगाएँ । कसैले पनि आफूलाई मन नपराएकै कारण उनी विद्यालय आउन नखोज्ने, सरसफाइमा ध्यान नदिने गर्ने रहिछन् । उनलाई गाली गरेर, सजाए दिएर या कक्षाबाट बाहिर निकालेर समस्याको समाधान हुँदैन भन्ने कुरामा म ढुक्क थिएँ ।

एउटा विद्यार्थीको मनोविज्ञानसँग र सिङ्गो जीवन नै जोडिएको विषय भएकाले यसप्रति बेवास्ता गर्न मेरा पेसागत मर्यादाले दिँदैनथ्यो । त्यसैले म समस्या समाधानको उपयुक्त विकल्प र अवसरको खोजीमा थिएँ । एक दिन उनको परिवारका सदस्यसँग उनकै विषयमा कुरा गर्दै थिएँ । कुरैकुरामा उनकी दिदीले सुनाइन्, "ऊ घरमा प्रायः एक्लै बस्छे र मिठो लयमा गीत गाउँछे तर हाम्रो सामुन्ने गाउन लाज मान्छे, उसको स्वर निकै राम्रो छ ।" मलाई समस्या समाधानको सबैभन्दा उपयुक्त उपाय भेटिएको जस्तो लाग्यो । उनको क्षमताबारे बुझिसकेपछि पनि उनको प्रतिभालाई बाहिर ल्याउन लामै कसरत गर्नु पऱ्यो । जब कक्षाकोठामा अगाडि उभिएर उनले पहिलोपल्ट गीत गाइन्, सबैले ताली बजाएर हौसला बढाए । बिस्तारै उनलाई विद्यालयको बिहानी प्राथना सभामा गीत गाउन लगाएँ, सिङ्गो विद्यालयको ताली र प्रशंसाले उनको स्वभाव अनौठो तरिकाले परिवर्तन हुन थाल्यो । त्यसपछि उनलाई कहिल्यै कुनै शिक्षकले कक्षाकोठाबाट बाहिर निकाल्नु परेन ।

विद्यालयमा हुने हरेक अतिरिक्त क्रियाकलाप तथा सांस्कृतिक कार्यक्रममा उनको प्रस्तुति अनिवार्य जस्तै हुन थाल्यो । अचेल उनी सङ्गीत सिक्दै एउटा संस्थागत विद्यालयमा शिक्षकका रूपमा कार्यरत छन् । म कहिलेकाहीँ सोच्छु, उनलाई प्रशंसा गरी गरी उनीभित्रको अन्तरनिहित क्षमतालाई बाहिर ननिकालेको भए उनको वर्तमान यस्तै हुन्थ्यो होला ?

यी केही सामान्य उदाहरण मात्रै हुन् । जीवनमा हरेक मान्छे कुनै न कुनै रूपमा प्रशंसा चाहन्छ । कसैले म प्रशंसाको भोको छैन भन्छ भने कि ऊ झुट बोलिरहेको छ कि त उसलाई आफ्नो जीवनप्रति नै वितृष्णा छ । यस सन्दर्भमा बालक आफ्ना गुरु तथा अभिभावकबाट झनै धेरै प्रशंसा चाहन्छ । शिक्षकले गरेको एउटा मात्रै प्रशंसाले उसको जीवनमा सकारात्मक परिवर्तन ल्याइदिन सक्छ भने हतोत्साहनले ठुलो मानसिक आघात पनि पर्न सक्छ । यस सन्दर्भमा म आफ्नै जीवनमा घटेका दुई घटनालाई उदाहरणका रूपमा प्रस्तुत गर्दछु ।

एक दिन मामाघर जाँदा त्यहाँका साथीहरूसँग त्यहीँको विद्यालयमा गएकी थिएँ । नयाँ विद्यार्थी देखेर त्यहाँ पढाउने शिक्षकले मलाई उठाएर मेरा बारेमा धेरै प्रश्न सोध्नुभयो । मैले पनि पूर्ण आत्मविश्वासका साथ परिचय दिएँ; आफू विद्यालय प्रथम भएर कक्षा ४ बाट ५ मा पुगेको कुरा बडो गर्वले सुनाएँ । मेरा कुरा सुनेर शिक्षकले अचानक कक्षाका सारा विद्यार्थीका सामु मेरो आवाजको उपहास गर्नुभयो । मेरो आवाजलाई कस्तो धोद्रो, केटाको जस्तो आदि आदि ...... भन्नुभयो । एकैछिन अगाडि वसन्त ऋतुको गुराँस झैँ मुस्कुराइरहेको मेरो अनुहार घामले ओइलाएको कर्कलो जस्तै भयो । यस घटनाले मलाई यति गहिरो असर पाऱ्यो कि म लामो समयसम्म यो मानसिक आघातबाट बाहिर निस्कन सकिन । मेरो आवाज नराम्रो छ भन्ने कुण्ठा बोकेर बाँचिरहेँ । आफ्नो आवाजलाई कहिल्यै प्रेम गरिन । जब बुझेँ, महिलाको आवाज सुरिलो, नम्र, मिठो हुनु पर्छ भन्ने त पितृसत्ताले निर्माण गरेको भाष्य पो रहेछ, त्यसपछि बल्ल म आफ्नो आवाजलाई प्रेम गर्न थालेकी छु । आफूले जान अन्जानमा बोलेका केही शब्दले फक्रँदै गरेको बालमस्तिष्कमा परेको गहिरो आघातको सायद उहाँलाई कल्पनासम्म पनि भएन होला । म भने आज पनि उहाँको अनुहार झलझली सम्झिरहेकी छु ।

मेरा एक जना गुरु हुनुहुन्थ्यो, जब म मञ्चमा उभिएर बोल्न हिचकिचाउथेँ, उहाँले ममा आत्मविश्वास भर्दै भन्नुहुन्थ्यो, "तिमीले पनि नबोले कसले बोल्छ ? तिमीले पनि नसके कसले सक्छ ?" म आफैँलाई प्रश्न गर्थेँ, गुरुले त मैले सक्छु भन्ने सोच्नुभएको छ भने मैले किन सक्दिन ? जब म आफ्नो प्रस्तुति दिएर मञ्चबाट ओर्लन्थेँ तब गुरुले भन्नुहुन्थ्यो, "गज्जब बोल्यौ !" त्यतिबेला फुरुक्क पर्न अरू केही चाहिँदैनथ्यो, मात्रै यति सम्झे पुग्थ्यो, "गज्जब बोल्यौ !" म खुसी खुसी अर्को कार्यक्रमको तयारीमा जुट्थेँ ।

विद्यार्थी जीवनमा गुरुहरूले गरेको प्रशंसाले विद्यार्थीमा दीर्घकालीन छाप छोड्छ । गुरुको प्रशंसाबाट प्रभावित भएर विद्यार्थी सकारात्मक अभ्यासमा प्रेरित भएका थुप्रै उदाहरण म

❖ बाँकी तेस्रो पृष्ठमा

पर्यटकको रोजाइमा वेतना सिमसार

झापा(प्रस) । पूर्व-पश्चिम राजमार्गअन्तर्गत मोरङको बेलबारीमा रहेको वेतना सिमसार आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण मानिएको वेतनामा प्रत्यक्ष रूपमा देख्न पाइने साइबेरियाबाट आउने पर्यटक चराका साथै कछुवा, माछा, अजिङ्गरका साथै हरिणलगायत पशुपंछीले यहाँ आउने पर्यटकलाई लोभ्याउने गरेका छन् ।

दुई प्रजातिका वेत वनस्पतिको जङ्गल रहेकाले यस क्षेत्रलाई वेतना सिमसार क्षेत्र भनिएको वेतना सिमसार सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष शम्भु भट्टराईले बताए । त्यहाँ विशेष गरी चिसो पानी, स्वच्छ हावा र मनोरम दृश्य भएकाले आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको उनको भनाइ छ । उनका अनुसार सिमसार घुम्न आउने पर्यटकका लागि पाइडल डुङ्गाको पनि व्यवस्था गरिएको छ ।

करिब ६५ बिघा क्षेत्रफल ओगटेको यस सिमसारमा साइबेरियाबाट आउने चराका साथै २५ प्रजातिका दुर्लभ चरा पाइन्छन् । साथै अति सङ्कटापन्न सूचीमा रहेको 'ब्लाक सफ्टसेल' नामक कछुवा दुई दर्जनभन्दा बढीको संख्यामा फेला परेको अध्यक्ष भट्टराईले जानकारी दिए । यहाँ पाइने वनस्पति,

❖ बाँकी अन्तिम पृष्ठमा

आँपको बिषयमा कुटाकुट हुँदा सात जना घाइते

झापा(प्रस) । झापाको दक्षिणी सीमावर्ती क्षेत्र कचनकवल गाउँपालिकामा ऐलानी जग्गामा रहेको आँपको रुखको विषयलाई लिएर दुई पक्षबीच कुटाकुट भएको छ ।

शनिबार बेलुका कचनकवल गाउँपालिका-४ खुट्टामुनी जंगलटोलका मुस्ताक मियाले ऐलानी जगाको आँपको रुखसम्बन्धी विषयलाई लिएर सोही स्थानका महेदिन मियासँग झगडा र कुटपिट गर्दा दुई पक्षका सातजना घाइते भएका छन् ।

कुटाकुटबाट एउटा पक्षको कचनकवल-४ का ४१ वर्षीय मुस्ताक मिया, २५ वर्षीय समसेर मिया र अर्को पक्षको सोही स्थानका २२ वर्षीय मोहम्मद सेर, ३० वर्षीय लालबाबु मिया, २० वर्षीय अर्फिन मिया, ५० वर्षीया लेजिना मिया र ३९ वर्षीया समसोधिन मिया घाइते भएका छन् ।

घाइते सबैलाई उपचारका लागि ओमसाई पाथिभारा अस्पताल भद्रपुरमा ल्याइएको छ । सबैको अवस्था सामान्य रहेको छ ।

उक्त स्थानमा इलाका प्रहरी कार्यालय केचनाबाट प्रहरी नायव निरीक्षक र बिओपी केचनाबाट सशस्त्र प्रहरी निरीक्षक समेतको टोली खटिएको जनाइएको छ ।

मुख्यसचिव अर्यालसहित १२ विरुद्ध भ्रष्टाचार मुद्दा दायर

झापा(प्रस) । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यसचिव वैकुण्ठ अर्यालसहित ११ जना र एक कम्पनी गरी १२ विरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । अन्तःशुल्क स्टिकर छपाईमा भ्रष्टाचार गरेको भन्दै अख्तियारले मुख्यसचिव अर्यालसहितका अधिकारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको हो ।

बहालवाला मुख्यसचिवविरुद्ध नै भ्रष्टाचार मुद्दा लागेको यो नेपालको पहिलो घटना हो । मुख्य सचिव अर्याल नेपाल टेलिकमको टेरामक्स प्रविधि खरिदको सम्बन्धमा पनि मुछिएका व्यक्ति हुन् । यसबारेमा पनि अख्तियारले अनुसन्धान जारी राखेको छ ।

स्टिकर प्रकरणमा मुख्यसचिव अर्यालसहित सहसचिवद्वय रितेश शाक्य र टंक पाण्डे, उपसचिव गणेशविक्रम शाही र शाखा अधिकृत रविन्द्र पौडेललाई पनि अख्तियारले प्रतिवादी बनाएको छ ।

यस अघि नै भ्रष्टाचार मुद्दा दोषी ठहर र केही मुद्दामा विचाराधीन रहेका सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल, सुरक्षण मुद्रणकै तत्कालीन लेखा अधिकृत विष्णुप्रसाद गौतम शाखा अधिकृत हरिवल्लभ घिमिरे, केन्द्रका तत्कालीन परामर्शदाता शक्तिप्रसाद श्रेष्ठविरुद्ध मुद्दा दायर भएको छ । स्टिकर छपाइको जिम्मा पाएको कम्पनी प्रिन्टसेल र यसका सञ्चालक केशव शर्मालाई पनि प्रतिवादी बनाइएको छ । आरोपित ११ जना र प्रतिवादी कम्पनी प्रिन्टसेलबाट जनही बिगो कायम गरिएको रकम बमोजिम जरिवाना असुल गर्नुपर्ने अख्तियारको मागदाबीमा उल्लेख छ । त्यस्तै स्टिकर छपाईमा भुक्तानी भएको ६ करोड ८४ लाख ४५ हजार ६ सय रुपैयाँ प्रतिवादीहरूबाट जनहीरुपमा असुल उपर गर्नुपर्ने अभियोग पत्रमा छ ।

सञ्चार मन्त्रालय मातहतको सेक्युरिटी प्रिन्टिङ सेन्टरले २०७९ असोज ४ मा आन्तरिक राजस्व विभागका लागि अन्तःशुल्क स्टिकर छाप्न टेन्डर आह्वान गरेको थियो । सेन्टरले आह्वान गरेको अन्तःशुल्क स्टिकर छपाइको ठेक्का २०७९ मंसिर २६ मा प्रिन्टसेल प्रालिले पाएको थियो । ४३ करोड ३२ थान अन्तःशुल्क स्टिकर प्रतिथान ८९ पैसाका दरमा छाप्ने गरी प्रिन्टसेल र केन्द्रबीच सम्झौता भएको थियो ।

त्यसअनुसार सम्झौता भएको स्टिकर छपाइको लागत ३८ करोड ५५ लाख ४८ हजार रुपैयाँ हुन आउँछ । जबकि त्यसअघि यस्तै स्टिकर प्रतिथान अधिकतम २५ पैसासम्म पऱ्थ्यो । प्रतिथान २५ पैसाले हिसाब गर्दा ती स्टिकरको लागत १० करोड ८३ लाख मात्र पर्ने देखिन्छ । तर त्योभन्दा ४ गुणा बढी लागतमा ठेक्का सम्झौता कायम गरिएको छ ।

प्रिन्टसेलले स्टिकरको कागज र मसी मात्र खरिद गर्ने सम्झौता भएको थियो । बाँकी छपाइको काम सेन्टरबाटै हुने भनिएको सम्झौतामा 'अस्वाभाविक मूल्य' कायम गरेर प्रिन्टसेललाई ठेक्का दिइएको थियो । अग्रिम भुक्तानीबापत ५ करोड रुपैयाँ पेस्की दिइएको थियो । त्यसबेला सञ्चार सचिवमा हालका मुख्यसचिव अर्याल र सेन्टरको कार्यकारी निर्देशक विकल पौडेल थिए । सुरक्षण मुद्रण विकास समिति अध्यक्ष सञ्चार सचिव रहने व्यवस्था छ ।

अर्याल र पौडेलसहितका अधिकारीको निर्णयले स्टिकर खरिदको ठेक्का लगाइएको थियो । अर्याल २०७८ साउन २५ देखि २०७९ चैत १४ सम्म सञ्चार सचिव थिए । सञ्चारबाट प्रधानमन्त्री कार्यालय सरुवा भएका अर्याल अवकाशको तीन दिनअघि जेठ ३२ मा मुख्यसचिव बनेका थिए ।

विद्यार्थीहरूले देखाए प्रतिभा

बिर्तामोड(प्रस)। सामुदायिक तथा संस्थागत विद्यालयहरूका विद्यार्थीहरूको प्रतिभा प्रदर्शन प्रतियोगिता बिर्तामोडमा सम्पन्न भएको छ । नगर शिक्षा शाखाको आयोजनामा महेन्द्ररत्न माध्यमिक विद्यालयमा बृहत बौद्धिक प्रतिभा प्रदर्शन कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा कक्षा ६ देखि ८ मा अध्ययनरत विद्यार्थीहरूले मादल बजाउने, कक्षा ४ देखि ८ सम्मका विद्यार्थीहरूको लागि गायन , कक्षा ४ र ५ का लागि दुना टपरी बनाउने, कक्षा १,२,३ का लागि चित्रकला र कक्षा ९ देखि १२ सम्मका विद्यार्थीका लागि आकस्मिक वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिएको हो ।

प्रतियोगितामा चित्रकलातर्फ सेन्ट जेभियर्स माविका रिक्सन शेर्पा प्रथम, नवोदय फनमिन स्कुलका सक्षम कार्की द्वितीय, गोमेन्द्र बिर्तामोडल स्कुलका युनिका राजवंशी तृतीय र न्यूटन्स एजुकेसनकी अरविन पौडेल र कन्चनजंगा बोर्डिङका रिहाना श्रेष्ठले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् ।

यसैगरी गायनतर्फ न्यूटन्स एजुकेसनका स्माइल बजगाई प्रथम, सुनगाभा बोर्डिङका पूजन बुढा क्षेत्री द्वितीय, कञ्चन बोर्डिङका रोजी शेख तृतीय र बुद्ध स्मृति बोर्डिङका प्रसुन गुरागाई र मोहनमाया माविका रोहीका तिम्सिनाले सान्त्वना पुरस्कार प्राप्त गरे ।

मादल बजाउनेतर्फ न्यूटन्सका संस्कार सापकोटा प्रथम, एमिटी बोर्डिङका अचेतन भट्टराई द्वितीय, वाल्मिकी बोर्डिङका हृदयराज खनाल तृतीय र ग्लोरी बोर्डिङका मौसम तिम्सिना र देवी माविका संजय प्याकुरेलले सान्त्वना पुरस्कार जितेका छन् ।

यसैगरी दुना टपरी बनाउने प्रतियोगितामा मोहनमाया माविका सोनिया लिम्बू प्रथम, महेन्द्र रत्न माविकी खुश्बु शर्मा द्वितीय , दुर्गा माविका प्रनिश पाठक तृतीय र ग्रिनफिल्डकी आहाना प्रधान र रुद्र मेमोरियल स्कुलका अनिषा भट्टराई सान्त्वना भए ।

माध्यमिक तहतर्फ सञ्चालित आकस्मिक वक्तृत्वकला एक्सटेम्पर स्पिचमा बाल्मिकी एजुकेसनका हृदयप्रसाद शिवाकोटी प्रथम, निदि माविका श्रेयम शिवाकोटी द्वितीय, महेन्द्ररत्न माविकी प्रस्तुति भट्टराई तृतीय तथा मोहनमाया माविकी आयुश्री मिश्र र टावर टेम्पल स्कुलकी सोनाक्षी राई सान्त्वना भए ।

कार्यक्रमकी प्रमुख अतिथि नगर प्रमुख पवित्रा महतारा प्रसाईले विद्यार्थीहरूको अन्तर्निहित प्रतिभाको खोजी गर्न नगरपालिका सदैव तयार रहेको बताइन् । उनले बिर्तामोडका सामुदायिक विद्यालयहरुमा भौतिक तथा शैक्षिकरुपमा उल्लेखनीय प्रगति भएको धारणा राखिन् ।

यस्तै कार्यक्रममा बोल्दै नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले विद्यार्थीहरूलाई किताबी ज्ञान मात्र नदिई उनीहरूको प्रतिभालाई सहयोग पुग्ने कार्यक्रमहरुमा जोड दिनु पर्ने बताए । उनले नगरको शिक्षाको विकासको लागि नगरपालिका डटेर लागेको बताए । शिक्षा शाखा प्रमुख उपसचिव तिलचन भण्डारीको अध्यक्षतामा आयोजित कार्यक्रममा विजयी प्रतियोगीहरूलाई नगर प्रमुख, उप प्रमुखसंगै शिक्षक महासंघका अध्यक्ष युवराज कट्टेल, सचिव उमानाथ भण्डारी, दुर्गा माविका प्रधानाध्यापक लक्ष्मण शिवाकोटी, सरस्वती माविका प्रधानाध्यापक दीपक लुइटेल, महेन्द्र रत्न माविका प्रधानाध्यापक खड्गप्रसाद खरेललगायतले नगदसहित पुरस्कार तथा प्रमाणपत्र प्रदान गरे ।

प्रतियोगिताको सञ्चालन शिक्षक लीलाप्रसाद भण्डारी, धर्मेन्द्र भट्टराई र देवेन्द्र हुमागाईंलगायतले गरेका थिए ।

विद्यार्थीको ...

आफ्नो कक्षाकोठा, व्यक्तिगत तथा सामाजिक जीवनमा देखे भोगेकी छु तर लामो समयको अध्यापन अनुभवमा गाली, अपमान, सजायले विद्यार्थीमा सकारात्मक परिवर्तन आएको उदाहरण मैले आजसम्म भेटेकी छैन । कक्षाकोठाभित्र वा बाहिर विद्यार्थीलाई तँ कमजोर छस्, केही गरेर खाँदैनस् जस्ता अपमानजनक व्यवहार र बोलीले विद्यार्थीको स्वाभिमानमा गहिरो चोट पर्छ । विद्यार्थीलाई दिइने शारीरिक यातना बरु क्षणिक हुन्छ । आज शारीरिक यातना भोगेको विद्यार्थी भोलि मुस्कुराउँदै त्यही शिक्षकलाई नमस्कार गर्न आइपुग्छ तर उसको स्वाभिमानमाथि चोट पर्ने गरी गरिएका व्यवहार र प्रयोग गरिएका शब्दका घाउ भने त्यति सजिलै पुरिँदैनन् । त्यस कारण पनि अभिभावक तथा शिक्षकहरूले बालबालिकाको मनोभावना बुझेर उनीहरूको अन्तरनिहित क्षमतालाई बाहिर निकाल्न मद्दत गर्नु पर्छ ।

हामीले यातनारहित तथा बालमैत्री विद्यालय वातावरणको परिकल्पना र अभ्यास गरिरहेको वर्तमान सन्दर्भमा घर होस् या विद्यालयमा बालबालिकालाई दिइने शारीरिक तथा मानसिक यातनाको उपयुक्त विकल्प बन्न सक्छ प्रशंसा । हामी शिक्षक विशेष गरी यस कुरामा सचेत हुनु पर्छ कि हामी विद्यार्थी हुँदा हाम्रा गुरुहरूबाट कस्तो व्यवहारको अपेक्षा गरेका थियौँ ? हामी प्रशंसा पाउँदा कति पुलकित हुन्थ्यौँ र अपमानले कति दुःखी ? जब प्रशंसाबाट नै विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भने यति सकारात्मक कुरामा हामीले कन्जुस्याइँ नै किन गर्ने ? म आफैँलाई प्रश्न गर्छु, विद्यालयले असक्षम, बदमास र कमजोर भनेर निकालिदिएको थोमस एल्बा एडिसनको अद्‌भूत क्षमता बुझेर उनकी आमाले उनको प्रशंसा नगरेको भए या तिम्रा गुरुहरूले तिम्रो प्रशंसा गरेका छन् भन्ने मानसिकता उसमा नभरिदिएको भए के एडिसन एडिसन नै बन्ने थिए त ? हाम्रा विद्यालयमा पनि कैयौँ यस्ता एडिसनहरू छन्, जसलाई हामीले उनीहरूका विषयवस्तु बाहिरका क्षमतालाई बुझेर “गज्जब गर्‍यौँ” भनिदिनु पर्ने छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

वृष आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

मिथुन अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

कर्कट मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

सिंह । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

कन्या आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

तुला सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

वृश्चिक दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

कुम्भ कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने